बैठक संख्या ६०

आज मिति २०८२ साल असार महिनाको ०१ गते आइतबार कार्यपालिका बैठक १:०० बजे देखि विगु गाउँपालिकाको अध्यक्ष श्री संजिव ओलीको अध्यक्षतामा तपसिल बमोजिमका पादाधिकारीहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायअनुसारको निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| क्र.स | नामथर | पद | सम्पर्क न | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | संजिव ओली | अध्यक्ष, गाउँपालिका | ९८५१००४२९५ | |
| २ | देविका थामी | उपाध्यक्ष, गाउँपालिका | ९८४४३९५६६३ | |
| ३ | मेम बहादुर तमाङ | वडाध्यक्ष, वडा नं १ | ९८४४६५१४९ | |
| ४ | दिपक ठकुरी | वडाध्यक्ष, वडा नं २ | ९८४४३०६५७२ | |
| ५ | ढाल बहादुर तमाङ | वडाध्यक्ष, वडा नं ३ | ९८६४००४१४७ | |
| ६ | रामचन्द्र खड्का | वडाध्यक्ष, वडा नं ४ | ९८६३३७७४९८ | |
| ७ | काले शेर्पा | वडाध्यक्ष, वडा नं ५ | ९८४४२३८४३० | |
| ८ | टहल बहादुर थामी | वडाध्यक्ष, वडा नं ६ | ९८५४०४५९४० | |
| ९ | दल बहादुर श्रेष्ठ | वडाध्यक्ष, वडा नं ७ | ९८४९१७०३२१ | |
| १० | हिरा थामी | वडाध्यक्ष, वडा नं ८ | ९८६६४१९५१० | |
| ११ | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | ९८६४००२६५४ | |
| १२ | गोमा के.सी. | कार्यपालिका सदस्य | ९८४४१९६३९६ | |
| १३ | छिरिङ वाङ्दे शेर्पा | कार्यपालिका सदस्य | ९८५१०५३४६१ | |
| १४ | ज्योतिमाया थामी | कार्यपालिका सदस्य | ९८४४५५५८९९ | ज्योती |
| १५ | टलमाई तमाङ | कार्यपालिका सदस्य | ९८६६४३८१०१ | |
| १६ | मैयाँ नेपाली | कार्यपालिका सदस्य | ९८६०४१००६५ | |
| १७ | रत्न बहादुर थामी | नि. प्रमुख प्रशासकीय अधिकृत | ९८४३५५९०३८ | |
| १८ | | | | |

मिति २०८२।०३।०१ गते विगु गाउँपालिकाको कार्यपालिका बैठकको प्रस्तावहरु

प्रस्तावहरु:

१. नीति तथा कार्यक्रम सम्बन्धमा ।
२. आर्थिक ऐन र विनियोजन ऐन सम्बन्धमा ।
३. आ व २०८१।०८२ को बजेट तथा कार्यक्रम समिक्षा सम्बन्धमा ।
४. आ व २०८१।०८२ को सार्वजनिक सुनुवाई सम्बन्धमा ।
५. आ व २०८२।०८३ को योजना तर्जुमा सम्बन्धमा ।
६. उद्यमशिलता कार्यक्रम सम्बन्धमा ।
७. गाउँपालिका भित्रका झो पु सम्बन्धमा ।
८. बहुक्षेत्रिय पोषण कार्यक्रम सम्बन्धमा ।
९. हिमालय मा वि विगु ५ कक्षा १२ र टासीछिमे गाछल गुम्बा कक्षा ७ कक्षा थप सम्बन्धमा ।
१०. कृषि बाहान कार्यविधि २०८२ सम्बन्धमा ।
११. दृघरोगी रोगी बजेट सम्बन्धमा ।
१२. किशोरी तथा महिला समुहको लागि अक्षयकोष कार्यविधि सम्बन्धमा।
१३. सडक हेरालु सम्बन्धमा ।
१४. विपन्न नागरिक उपचार खर्च सम्बन्धमा ।
१५. विपद कार्यक्रम सम्बन्धमा ।
१६. गरिवि निवारण घुम्ति कोष सम्बन्धमा ।
१७. सिँगटी पुल आसपास निर्माण कार्यको लागि अपुग बजेट व्यवस्थापन सम्बन्धमा ।
१८. विविध सम्बन्धमा ।

मिति २०८२।०३।०१ गते विगु गाउँपालिकाको कार्यपालिका बैठकको प्रस्तावहरु

प्रस्तावहरु:

१. प्रस्ताव नं १ उपर छलफल गर्दा विगु गाउँपालिकाको आ व २०८२।०८३ को नीति तथा कार्यक्रम उपर वृहत छलफल गरि अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा यस गाउँपालिकाको आ व २०८२।०८३ को आर्थिक ऐन उपर वृहत छलफल गरि अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा यस आ व २०८१।०८२ मा गाउँपालिकाबाट विनियोजित शाखागत श्रोतगत बजेट तथा कार्यक्रमहरु संचालन तथा कार्यान्यवनको आवस्थाहरुको समिक्षा गरि आगामि आ व २०८२।०८३ को बजेट निर्माण प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा यस गाउँपालिकाबाट संचालित योजना कार्यक्रमहरुको सूचनाको हक सम्बन्धि ऐन २०६४ मा व्यवस्था भए बमोजिम सम्बन्धित सबैमा जनकारीको लागि गाउँपालिका तेस्रो पक्ष छनौट गरी मिति २०८२।०३।१० गते भित्र सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा ययस विगु गाउँपालिकाको आगामि आ व २०८२।०८३ को बजेट निर्माण प्रक्रिया स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४, व्यवस्था गरेको प्रकृया अनुसार प्रकृया पुरा गरि विषयगत समितिमा पेश गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा आ व २०८१।०८२ मा यस गाउँपालिकाबाट उद्यमशिलता कार्यक्रम शिर्षकमा विनियोजित रकम तपशिल अनुसार कार्यक्रम बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| - लम्पट बुनाई सम्बन्धी सीप विकास तालिम | ४,००,००० |
| - कृषि उत्पादन (टिमुर, सिस्नु, भ्यान्टा अन्य) | ४,००,००० |
| - वडा नं ३ बाटेको धुप बनाउने कार्यक्रम | ४,००,००० |
| - वडा नं ४ हुजेरी निर्माण कार्यक्रम | ४,००,००० |
| - वडा नं ५ साबुन बनाउने उद्यमशिलता स्तरोन्नती सीप विकास तालिम | ४,००,००० |
| - वडा नं ६ भाङ्ग्रा धागो प्रवर्धन कार्यक्रम | ४,००,००० |
| - वडा नं ७ वृक्षारोपन कार्यक्रम (बाँस, अमृसो, टिमुर) | ४,००,००० |
| - वडा नं ८ उद्यमशिलता कार्यक्रम खोपाचागु | ४,००,००० |

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा यस विगु गाउँपालिका आ व २०८१।०८२ मा गाउँपालिका भित्रका झोलुङ्गेपुल सँग सम्वन्धित कार्य गर्नेगरी दिगो विकासका लागि नागरिक मञ्च (सिभिक फोरम) सँग सम्झौता भएको भएता पनि सम्वन्धि संस्था फर्मबाट सम्झौता अनुसार चित्तवुझ्दो कार्य नदेखिएकोले उक्त फर्मसँग सम्झौता खारेज गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा यस गाउँपालिकाबाट आ व २०८१।०८२ सुनौलो वहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि युरोपियन युनियनबाट प्राप्त आयआर्जन अनुदान रु ६,२५,०००.०० कार्यक्रम संचालन वडा १ ठाडीमा गर्नेगरी निर्णय गरियो ।

९. प्रस्ताव नं ९ उपर छलफल गर्दा विगु गाउँपालिका वडा नं ५ चिलंखाको श्री हिमालय माविमा कक्षा १२ र टासीछिमे गाछल गुम्बा विगु ७ मा भुगोल तथा विद्यार्थि संख्याको आधारमा कक्षा थप गर्न अनुमति दिने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० उपर छलफल गर्दा यस विगु गाउँपालिका बाट आ व २०८१।०८२ को वजेट व्यवस्था अनुसार कृषि वहान खरिद भइ आएकोले उक्त वहान संचालनको लागि कृषि वहान कार्यविधि २०८२ तयार गरी लागु गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं ११ उपर छलफल गर्दा यस स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम शिर्षकमा दिर्घरोगीहरुका लागि नेपाल सरकारबाट प्राप्त रु १४,४०,०००.०० मध्ये अपुग रकम विगु गाउँपालिका आन्तरिक श्रोत अन्तर्गत व्यहोर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं १२ उपर छलफल गर्दा यस विगु गाउँपालिकाभित्र दर्ता भइ संचालनमा रहेका किशोरी तथा महिला समूहको गागि गाउँपालिकाले अक्षयकोष संचालन कार्यविधि बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं १३ उपर छलफल गर्दा यस विगु गाउँपालिका भित्रका सडकहरु वर्षा, पहिरो,तथा विपदका कारण बार्षायाममा संचालन नहुने अवस्था रहेको हुँदा यस आ व २०८१।०८२ मा कार्यरत सडक हेरालुहरुको अनुपातमा नै रहनेगरी आगामी आव मा पनि श्रावन भाद्र र अषोज महिना ३ मिहनाको लागि नविकरण गर्ने निर्णय गरियो ।

१४. प्रस्ताव नं १४ उपर छलफल गर्दा तपशिल अनुसार उपलब्ध गराउने निर्णय गरियो

| क स | नाम थर | ठेगाना | रोगको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | कुमार थामी | विगु ०६ | Throat Operation | |
| २ | शुक्र थामी | विगु ०६ | Hand Fracure | |
| ३ | नरमाया थामी | विगु ०८ | Gall Blader Operation | |
| ४ | शान्ता तिमेल्शिना | विगु ०३ | Uterous Cancer | |
| ५ | अनिल तामाङ | विगु ०२ | Appends | |
| ६ | कृष्ण कुमारी उप्रेती | विगु ०४ | Hearth Disease | |

१५. प्रस्ताव नं १५ उपर छलफल गर्दा यस गाउँपालिका भित्र मनसुन जन्य विपद व्यवस्थापनको लागि आवश्यक पर्ने सम्बन्धित सामग्रीहरु खरिद गरी विपद व्यवस्थापन केन्द्रहरुमा तयारी अवस्थामा रख्ने तथा विपद स्वयंसेवक तोकी परिचालन समेत गर्ने निर्णय गरियो ।

१६. प्रस्ताव नं १६ उपर छलफल गर्दा यस गाउँपालिका भित्र हाल संचालनमा रहेका गरिवि निवारण घुम्ति कोष निरन्तर रुपमा संचालनको लागि सम्बन्धित निकायहरु सँग पहल गर्ने निर्णय गरियो ।

१७. प्रस्ताव नं १७ उपर छलफल गर्दा विगत वर्षहरुमा देखिएको बाढी, भूक्षय तथा अन्य प्राकृतिक विपदबाट सिर्जित समस्याबाट सिङ्गटीस्थित खोलिखिम वजार क्षेत्रमा मानव बस्ती, पूर्वाधार तथा आर्थिक गतिविधिहरूमा परेको क्षति न्यूनीकरण गर्नका लागि निर्माण गर्न नदी तटबन्धन संरचनालाई दीर्घकालीन रूपमा सुरक्षित र प्रभावकारी बनाउँदै उक्त कार्यलाई लागत अनुमान अनुरुप उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्झौता गरि कार्यान्वयन गर्ने निर्णय गरियो।

१८. <u>विविध सम्बन्धमा छलफल गर्दा :</u>

१. सिमा नाका पुर्वाधार सम्बन्धमा विगु गाउँपालिका स्थित नेपाल चिन सिमाना आवत जावत बाटो निर्माण कार्य गाउँपालिकाबाट कार्य सुचारु गर्ने व्यवस्था मिलाउने साथै सिमा प्रशासन कार्यालय, अध्यागमन कार्यालय र भंसार कार्यालय निर्माणको लागि सरकारको सम्बन्धित निकायहरुमा समन्वयको लागि लेखि पठाउने निर्णय गरियो ।